# अल्पसंख्यक जातिहरुको समानता वृद्धिका निमित
# विध्यमान तथा योजनाबद्ध उपायहरु

## संचार तथा प्रविधि

सूचना तथा प्रविधिको सम्बन्धमा हंगकंगलाई प्रमुख डिजिटल शहर र एशियाको दूरसंचार केन्द्रको रुपमा स्थापित गर्ने, साथै हंगकंगमा उच्च मूल्यांकन थप गरिएका, रचनात्मक तथा उच्च प्रविधिको क्रियाकपप्को वृद्धि गर्ने सरकारी नीति रहेको छ ।

यस क्षेत्रमा सरोकार राख्ने विभागहरु अर्थात् अनुभव तथा प्रविधि आयोग (ITC) संचार प्राधिकरणको कार्यालय (OFCA) र सरकारी प्रमुख सूचना अधिकारीको कार्यालय (OGCIO), जातीय पृष्ठभूमि ध्यानमा नराखी जनसमुदायको सरोकारका सेवाहरुमा समान पहुँच सुनिस्चित गर्नका लागि सबैको उच्च महत्व रहन्छ ।

लागू हुने अवस्थामा, अल्पसंख्याक जातिका विशेष सेवाहरु जस्तै उनीहरुको सेवा आवश्यकता, दिलाउन उपायहरु अपनाइने छन । यस क्षेत्रका जन समुदायको सेवाहरुको प्रावधान जातीय भेदभाव अध्यादेशबाट अनुसरण गरिएको सुनिस्चित गर्ने कामलाई पनि निरन्तरता दिइनेछ ।

### A. <u>नवीनता तथा प्रविधि</u>

| | |
|---|---|
| सम्बन्धित सेवाहरु | • ITC ले हाल विभिन्न योजनाहरूको व्यस्था गर्दछ जुन योग्य संस्था वा कम्पनीहरूबाट आवेदन गर्नको लागि खुला रहेको छ । यस्ता योजनाहरूमा इनोभेसन तथा टेक्नोलोजी फण्ड र टेक्नोलोजी ट्यालेन्ट एडमिसन स्कीम अन्तर्गत कोटा आवेदन आदि रहेका छन् । |
| विध्यमान | • संस्था वा कम्पनीहरूका लागि हाम्रो कार्यक्रममा आवेदन |

| | |
|---|---|
| उपायहरु | सीमित भएपनि हाम्रो सेवाहरू विभिन्न वर्ण तथा जातिहरूको सन्दर्भमा निष्पक्ष छन् र चिनिया तथा अंग्रेजी दुवै भाषामा यो प्रदान गरिन्छ। |
| आगामी कामको मूल्यांकन | • विध्यमान उपायहरु निरन्तर रुपमा कडाईका साथ लागू गरिनेछ, सेवा उपलब्धता जातीयरुपमा तटस्थ साथै द्विभाशिरुपमा उपलब्ध छन् भन्ने सुनिस्चित गर्न यसको निरन्तर मूल्यांकन गरिनेछ । |
| उठाईएका/उठाइने अतिरिक्त कदमहरु | • अल्पसंख्यक जातिहरुसँग काम गर्नु परेमा, सेवाग्राहीको लागि सूचनाहरु बुझ्ने भाषामा राख्न आवश्यक उपायहरु अवलम्बन गरिनेछ । |
| सोधपुछ | फोन: 3655 5968 (सामान्य सेक्सन)<br>फ्याक्स: 2730 4633<br>इमेल: gr@itc.gov.hk |

## B. दूरसंचार तथा प्रसारण सेवाहरु

| | |
|---|---|
| सम्बन्धित सेवाहरु | • संचार प्राधिकरणले(CA) जनसमुदायमा विभिन्न शैक्षिक तथा प्रचारात्मक कार्यक्रमको माध्यमबाट ग्राहकसम्बन्धी सूचना/सुझावहरु प्रदान गर्दै आएको छ । |
| विध्यमान उपायहरु | • ग्राहक शिक्षा सम्बन्धि सूचना हंगकंगको दुइ आधिकारिक भाषामा (अर्थात् चिनी र अंग्रेजी), संचार प्राधिकरणको कार्यकारी विभाग, OFCA (www.ofca.gov.hk) को वेबसाइटमा उपलब्ध छ । साथै सूचनात्मक तथा शैक्षिक पर्चा/पम्प्लेट सर्वसाधारण जनसमुदायमा वितरणका निम्ति दुवै आधिकारिक भाषामा समेत प्रकाशन गरिन्छ । |
| आगामीकामको मूल्यांकन | अल्पसंख्यक जातिहरुको ग्राहक शिक्षा तथा ग्राहक सम्बन्धी सुचनामा समान पहुन्छ विकासको निम्ति, निम्न उपायहरु |

अवलम्बन गरिनेछन्:

- सम्बन्धित शैक्षिक सूचनाहरु अल्पसंख्याक जातिहरुले बुझ्ने भाषामा उपलब्ध गराउन विशेष जोड दिइनेछ ।
- जब दूरसंचारको सेवा सर्वसाधारण सहित अल्पसंख्याक जातिहरुले लोकप्रियताका साथ प्रयोग गर्छन्, ग्राहक शिक्षा सूचना प्रमुक लक्षित ग्राहक समूह (हरु)को जातीय भाषा(हरु) मा प्रदान गरिनेछ ।

उठाईएका/उठाइने अतिरिक्त कदमहरु

- संचार प्राधिकरणले प्रमुख दूरसंचार संचालकहरुसँग सम्पर्क गरेर दुरसंचार सेवाहरुमा अल्पसंख्याक जातिहरुको पहुँचको निम्ति समानता वृद्धिका विभिन्न उपायहरु अपनाईरहेको जानकारी पाएको छ ।
- संचार प्राधिकरणले दूरसंचार संचालकहरुको विध्यमान उपायहरुको प्रभावकारितामा निगरानी गरिरहनेछ ।
- आवश्यकता परेको खण्डमा प्रसारण र दुरसंचार सेवा सम्बन्धी ग्राहक सूचना बुझ्ने भाषामा प्राप्त गर्न विभिन्न अल्पसंख्यक जातिको समूहहरुको पहुँचको निम्ति रहेका अफ्ठ्यारा पहिचान गर्नका लागि संचार प्राधिकरणले अल्पसंख्याक जातिहरुलाई सहायता प्रदान गर्ने गैर सरकारी संस्थाहरुलाई सम्पर्क गर्नेछ ।
- संचार प्राधिकरणले इजाजत प्राप्त प्रसारण तथा दुरसंचार संचालकहरुलाई ग्राहक सम्बन्धी सूचना जस्तै करार मूल्य, जानकारी तथा प्रयोगकर्ता गाइड इत्यादि जस्तो र जहिले आवश्यकता पर्छ, विभिन्न अल्पसंख्याक जाति समूहहरुले बुझ्ने भाषामा प्रदान गर्न प्रोत्साहन गर्नेछ ।

सोधपुछ

ग्राहक सेवा अधिकारीहरु
फोन: 2961 6333

(भाषा छनौट गरिसकेपछि "8" दबाउनुहोस्)

इमेल: webmaster@ofca.gov.hk

## C. सूचना प्रविधि

| | |
|---|---|
| सम्बन्धित सेवाहरु | • अनलाइन सरकारी जानकारीहरूमा नागरिकको पहुँच बढाउन OGCIO प्रतिवद्ध छ । डिजिटल युगमा नागरिकहरूको बदलिँदो आवश्यकताहरू पुरा गर्न सरकारी क्षेत्रको जानकारी तथा सेवाहरू सजिलै खोज्न र प्रयोग गर्ने कुरामा मद्दत गर्न हामी सरकारको एकद्वार पोर्टल GovHK (www.gov.hk) विकास गर्न प्रयासरत छौं ।<br>• समाजका विभिन्न क्षेत्रका प्रयोगकर्ताको निम्ति सरकारी सूचना तथा अनलाइन सेवाहरु ग्राहक-आधारित र प्रयोगकर्ता अनुकुल उपलब्ध गराउनु GovHK को लक्ष्य रहेको छ । |
| विद्यमान उपायहरु | • अल्पसकन्ख्यक जातिहरुको लागि सरकारी सूचना र सेवाहरुको पहुँचबारे हाइपरलिंकहरु सम्बन्धी प्रावधान<br>• GovHK को माध्यमबाट अल्पसंख्यक जातिका इन्टरनेट प्रयोगकर्ताहरुलाई उनीहरुको निम्ति छुट्याईएको ब्युरो तथा विभागको सूचना तथा सेवा सम्बन्धी विब्घगीय तथा विषयगत वेबसाइटमा निर्देशित गरिनेछ ।<br>• डिसेम्बर 2010 देखि GovHKमा अल्पसंख्याक जातिहरुको लागि समर्पित बहुभाषिक मंचको शुरुवात गरिएको छ। विभिन्न ब्युरो/विभागहरुद्वारा प्रदान गरिएको महत्वपूर्ण सूचना सम्बन्धि लिंकहरु जम्मा सात भाषामा उपलब्ध छन् (चिनी र अंग्रेजी बाहेक) । हरेक भाषाको वेबपेजमा रहेको सर्च सुविधाले अल्पसंख्याक जातिका प्रयोगकर्ताहरुलाई सजिलैसँग सूचना खोज्न मद्दत गर्छ । |

| | |
|---|---|
| | • हाल हंगकंग सरकारको लागि हेल्पडेस्क सेवा 1823 ले प्रदान गर्दै आएको छ र यसले जातीय अल्पसंख्यकहरूबाट आउने फोन/इमेलहरू सेन्टर फर हार्मोनी एण्ड इन्हेन्समेन्ट अफ इथ्निक माइनोरिटी रेसिडेन्टस (CHEER)मा अनुप्रेषित गर्नेछ । CHEER ले फोन गर्नेहरूसँग वार्तालाप गर्नेछ र आवश्यक परेको खण्डमा सहयोगको लागि 1823 र B/D मा प्रेषण गर्नेछ । |
| आगामी कामको मूल्यांकन | • हामी आवश्यक परेको खण्डमा बहुभाषा प्लेटफर्ममा र हंगकंग सरकारको पोर्टलमा प्रस्तुत गरिएको हाइपरलिंक र जानकारी अध्यावधिक गर्न ब्युरो र डिपार्टमेन्टहरूसँग कार्य गर्नेछौं । |
| उठाईएका/उठाइने अतिरिक्त कदमहरु | • अल्पसंक्यक जातिहरुसँग सान्धर्भिक थप समग्री GovHK मा जोड्न ब्युरो र विभागहरुसँग काम गर्नेछौं । |
| सोधपुछ | OGCIO<br>फोन: 2582 4520<br>इमेल: enquiry@ogcio.gov.hk |

## D. <u>चलचित्र वर्गीकरण</u>

| | |
|---|---|
| सम्बन्धित सेवाहरु | • चलचित्र सेन्सरसीप अध्यादेश (अध्याय 392) अन्तर्गत, हंककंगमा प्रदर्शन गर्ने मनसाय भएको सम्पूर्ण चलचित्रहरु स्वीकृतिको लागि चलचित्र सेन्सरसीप प्राधिकरणमा पेश गरिनुपर्नेछ । चलचित्र वर्गीकरण प्रक्रियाको उद्देश्य भनेको वयष्कहरुलाई फराकिलो दायाराका चलचित्र हेर्ने अवसर दिनु हो जसमा वयस्क दुनियाको वास्तविकता सम्बन्हित चलचित्रहरु हुन सक्छन् तर त्यसका साथै बालबालिका तथा युवाहरुको लागि हानिकारक हुनसक्ने कुराहरु हेर्नबाट बन्चित गराउँछ । |

| | |
|---|---|
| विध्यमान उपायहरु | • चलचित्र सेन्सरसीप अध्यादेशको अनुसार सेन्सरले अरु कुराहरु संगै चलचित्रले समुदायको कुनै निश्चित वर्गलाई वर्ण, नश्ल, धार्मिक आस्था वा जाति वा राष्ट्रिय मूल वा त्यो वर्गका सदस्यको लिंगको आधारमा अस्वीकार वा अपमान गरेको छ वा छैन, विचार गरेर सार्वजानिक प्रदर्शनको निमित उपयुक्त रहेको निर्णय गर्नुपर्नेछ र उचित वर्गीकरण प्रदान गर्नुपर्नेछ ।<br><br>• यही कानुनि सिधन्द्त का चलचित्रले समुदायको कुनै निश्चित वर्गलाई वर्ण, नश्ल, धार्मिक आस्था वा जाति वा राष्ट्रिय मूल वा त्यो वर्गका सदस्यको लिंगका आधारमा अस्वीकार वा अपमान गरेको छ वा छैन भन्ने कुराको उल्लेख सेन्सरका लागि चलचित्र सेन्सरसिप निर्देशिकामा पनि भानिसेको छ ।<br><br>• सेन्सरलाई चलचित्रको निर्माण घृणा उक्साउन वा नश्ल विविधता अस्वीकार गर्न गरिएको निश्चित गरेमा चलचित्रको सार्वजानिक प्रदर्शनको अनुमोदन गर्न अस्वीकार गर्न सक्छ । |
| आगामी कामको मूल्यांकन | • अध्यादेश र चलचित्र सेन्सरसीप निर्देशिकाले जातीय भेदभाव उक्साउने चलचित्र रोकथाम गर्न प्रभावकारी रहेको छ । माथि उल्लिखित उपायहरु कडाईका साथ लागू गरिएको छ । |
| उठाईएका/उठाइने अतिरिक्त कदमहरु | • जुन चलचित्रका सामग्रीमा जातीय सरोकारका कुराहरु प्रस्तुत छन्, परिस्थिति अनुसार सेन्सरले प्रदर्शनको उपयुक्तता माथि निर्णय गर्नु पुर्व सान्दर्भिक जातीय समूहहरुको विचार संकलन गर्न विशेष अवलोकन सत्रहरुको व्यवस्थालाई ध्यानमा राख्ने गरेको छ । |
| सोधपुछ | चलचित्र विभाग<br>फोन: 2594 5788<br>इमेल: film@ofnaa.gov.hk |

सरोकारवाला विभागले जस्तो र जहिले आवश्यकता हुन्छ चेकलिस्टमा माथि

उल्लिखित उपायहरु अध्यावधिक गर्नेछ र अरु नया उपायहरु थप्नेछ ।

**नवीनता र प्रविधि आयोग**
**संचार प्राधिकरणको कार्यालय**
**सरकारको मुख्य सूचना अधिकारीको कार्यालय**
**जुलाई 2019**